

# राष्ट्रिय कृषक समूह महासंघ नेपाल

## राष्ट्रिय सचिवालय

**२०७८ साल असोज महिना** **मुख्य गतिविधि**

### सवालगत पैरवी

## सिरहा जिल्लाको सखुवानन्कारकट्टी गाँउपालिकामा वर्गिकरण सहित किसान परिचय पत्र वितरण






सिरहा जिल्ला सखुवानन्कारकट्टी गाँउपालिकाका किसानहरुको हातमा वर्गिकरण सहितको किसान परिचय पत्र हात हातमा परेको छ। बिगत लामो समय देखि किसान अधिकार प्रति समर्पित रही किसानको पहिचान र समतामूलक व्यवहारको पक्षमा क्रियासिल सिमान्त, भूमिहीन, महिला र साना किसानको अधिकारका क्षेत्रमा कार्यरत किसानहरुको संगठन राष्ट्रिय कृषक समूह महासंघ नेपालको प्राबिधिक सहयोगमा सखुवानन्कारकट्टी गाँउपालिकाले किसानहरुलाई परिचय पत्र बितरण गरेको हो। कृषि ऐनमा पहिचान र वर्गिकरण सहित किसान परिचय पत्र बितरण गरी सेवा सुविधा प्रदान गर्ने कार्यविधि निर्माण गरि गाउँ परिषदबाट अनुमोदन गराएर कार्यविधि अनुसार किसानहरुको घरघरमा पुगी तथ्याङ्क संकलन गरेर किसानको पहिचानका साथ सिमान्तकृत/ भूमिहीन/कृषि मजदुर, साना, मध्यम र ठूला गरि ४ वटा वर्गमा विभाजन गरि गाउँपालिकाले किसान परिचय पत्र किसानको हात हातमा वितरण गरेको हो।

## मल अभाव बारे किसान आन्दोलन

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, प्रदेश नं. २ कार्यसमितिको अगुवाइमा विभिन्न माग सहित प्रभात फेरी कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा प्रदेश नं. २ को कृषि ऐन लागु गरियोस ।, मल खादको सहज आपूर्ति व्यवस्था अभिलम्ब मिलाइयोस । दिगो खेती प्रणालीको अभ्यास लागु गरियोस ।, रसायनिक मल र विषादिको प्रतिस्थापन गर्दै प्रांगारिक मल र विषादिको उत्पादन र वितरण प्रणालीको विकास र विस्तार गरियोस ।, जस्ता मागहरु सहित किसानहरु भेला भइ सरोकार वाला निकाय समक्ष भेटघाट समेत गरि अपिल समेत पेश गरिएको छ।




## प्रदेशस्तरीय कृषि ऐन मस्यौदा पेश

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २ बिच भएको सहमति अनुसार प्रदेश स्तरीय कृषि ऐन निमार्ण गरी प्रदेश सरकार समक्ष पेश गरेको छ।

## सन्दर्भः अन्तराष्ट्रिय खाद्य प्रणाली सम्मेलन २०२१



सीमान्तकृत समुदायको अधिकार। दिगो खाद्य प्रणालीको मूल आधार॥ भन्ने मुल नाराका साथ राष्ट्रिय कृषक समूह महासंघ नेपाल, राष्ट्रिय भूमि अधिकार मंच नेपाल, सामुदायीक वन उपभोक्ता महासंघ नेपालको संयुक्त आयोजनामा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, डा. विश्वनाथ पौडेलको प्रमुख आथिथ्यता, राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष, नवराज वस्नेतको अध्यक्षता, राष्ट्रिय भूमि अधिकार मंच नेपालका महासचिव, वल बहादुर तमाङ्गको संचालन, सामुदायक वन उपभोक्ता महासंघ नेपालको अध्यक्ष भारती पाठकलेकार्यक्रमको उद्देश्यमाथी प्रकाश पारेको थियो । दिगो खाद्य प्रणालीमा उत्पादक समूह एवं साना किसानको योगदानका सन्दर्भमा सवाल र सिकाइ विषयक राष्ट्रिय अन्तरसंवाद कार्यक्रम राष्ट्रिय योजना आयोगको सभाहलमा सम्पन्न भएको छ।

## स्थानीय तहको कृषि ऐनः एक दिने किसानको सवाल पहिचान कार्यशाला गोष्ठी

पालिका तहको कृषि ऐनमा समावेशी गरिनुपर्ने किसान तहका सवाल पहिचानको लागि बर्दिया जिल्लाको बाँसगढी नगरपालिका र बढैयाताल गाँउपालिकामा एक एक दिने किसानको सवाल पहिचान कार्यशाला गोष्ठी सम्पन्न भएको छ। उक्त सवाललाई समावेश गरी महासंघले स्थानीय कृषि ऐन निमार्णमा सहजीकरण गर्ने।



## संगठनात्मक गतिविधिहरु

### संस्थागत सहभागिता मूलक क्षमता विश्लेषण

राष्ट्रिय कृषक समूह महासंघ नेपालले, वार्षिक रुपमा गर्दै आएको सहभागितामूलक क्षमता विश्लेषण तथा पैरवी क्षमता विश्लेषणको अभ्यासलाई आन्तरीक संरचनामा स्थानीयकरणको शुरुवात गरेको छ। ओखलढुङ्गा, उलयपुर, सिरहा जिल्ला एवं लुम्बिनी प्रदेशको महासंघमा यस कार्य सम्पन्न भएको छ। यो संस्थागत विकाससंगै सम्बन्धित सूचकमा आधारीत भई स्वम मुल्याङ्कन गर्ने विधि हो।

### जाजरकोटमा संरचना विस्तार

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, कर्णाली प्रदेशको आयोजनामा जाजरकोट जिल्ला तदर्थ समिति गठन सम्पन भएको छ। हालसम्म महासंघले जाजरकोट जिल्ला सहित ६३ जिल्लामा आफ्नो संरचना विस्तार गरेको छ।

## क्रियाकलापहरु

### तथ्याङ्क मूल्याङ्कन, अनुगमन तथा ज्ञान व्यवस्थापन प्रणाली सफट्वेयरक तालिम

राष्ट्रिय कृषक समूह महासंघ नेपालले केएर नेपालको साझेदारीमा तथ्याङ्क मूल्याङ्कन, अनुगमन तथा ज्ञान व्यवस्थापन प्रणाली सफटवेयर तालिम संचालन गरीएको थियो। तालिममा लिबर्ड, पाथवे, आत्मनिर्भर केन्द्र, केयर नेपाल र राष्ट्रिय कृषक समूह महासंघका कर्मचारीहरु समेत सहभागि भएका थिए।

## क्रियाकलापहरु

### पालिकास्तरीय शुभारम्भ तथा परिचय कार्यशाला, प्रयास परियोजना अन्र्तगत पर्यावरणीय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम

पालिकास्तरीय शुभारम्भ तथा परिचय कार्यशाला, प्रयास परियोजना अर्न्तगत पर्यावरणीय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम  कर्णाली प्रदेश अर्न्तगत सुर्खेत जिल्लाको ३ पालिकाहरु (बिरेन्द्रनगर नगरपालिका, भेरिगंगा नगरपालिका र लेकबेसी नगरपालिका)मा र प्रदेश २ अर्न्तगत धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिकामा पालिका स्तरीय पर्यावरणिय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रमको सुभारम्भ तथा परिचयात्मक कार्यशाला सम्पन्न भएको छ। प्रयास परियोजना अन्तर्गतको उक्त कार्यशालामा स्थानिय सरकार, सरोकारवाला निकाय, किसान प्रतिनिधि लगाएतको सकृय सहभागिता रहेको थियो ।



### खाद्यान्न तथा सरसफाइ सामाग्रीहरु वितरण





राष्ट्रिय कृषक समूह महासंघ नेपालले केएर नेपालको साझेदारीमा लुम्बिनी प्रदेशको बाँके र बर्दिया जिल्लामा संचालित कोभिड १९ आपत्कालीन प्रतिकार्य र पुनर्लाभ परियोजना मार्फत खजुरा गाउँपालिका भित्रका कोभिड प्रभावित वपन्न परिवारहरुलाइ खाध्यन्न तथा सरसफाइ सामाग्रि वितरण सुरु भएको छ । लाभग्राहिहरुले १० हजार १ सय १५ बराबरको दाल, चामल, आलु, प्याज, नुन, तेल, साबुन, सरफ लगाएतका विभिन्न १६ वटा खाद्यान्न तथा सरसफाइ सामाग्रिहरु प्राप्त गरिरहेको छन् ।

### ४१औं विश्व खाद्य दिवस लाई लक्षित गरी वाग्मती प्रदेश स्तरीय खेतीपातीको व्यवस्था र नीतिगत व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम

खाद्यको लागि कृषि कार्यक्रमको आयोजना र राष्ट्रिय कृषक समूह महासंघको सहआयोजनमा खाद्यको लागि कृषि अभियानको संयोजकत्वमा ४१औं विश्व खाद्य दिवस लाई लक्षित गरी वाग्मती प्रदेश स्तरीय खेतीपातीको व्यवस्था र नीतिगत व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

### १४औं अन्तराष्टि्य ग्रामिण महिला दिवस

राष्ट्रिय कृषक समूह महासंघ नेपालको आयोजना तथा भरतपूर महानगरपालिका , भूमि व्यवस्था  कृषि तथा सहकारि मन्त्रालय बाग्मति प्रदेश र खाध्यका लागि कृषि अभियान को सहकार्य मा आज जिल्ला समन्वय समितिको सभाहल चितवनमा १४औं अन्तराष्ट्रिय ग्रामिण महिला  दिवस भव्यताका साथ सम्पन्न गरियो ।

### जलवायु अनुकुलन अभ्यास सम्बन्धी अन्तराष्ट्रिय कार्यशालामा सहभागी

नेपालमा साना एवं सिमान्त किसानहरुले अवलम्बन गरेका जलवायु अनुकुलन कृषि अभ्यासहरु बारे अनलाईन मार्फत विभिन्न देशका प्रतिनिधीहरुको सहभागितामा  प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रम इन्डोनेशियाको जार्कातबाट साभार भएको थियो ।

### अनुगमन

राष्ट्रिय सचिवालय समिति, ओखलढुङ्गा जिल्ला कार्य समिति, स्थानीय सरकार र कृषक समूह बीच सामर्थ परियोजना अन्तर्गत दिगो कृषि लगायत पोषण बगैचा, नमूना अभयासको अनुगमन गरीयो । त्यसैगरी केयर नेपालका सहायक निर्देशक मुना शेर्पा सहितको टोलीले महासंघले संचालन गरेको सामर्थ परियोजनाका गतिविधिहरु अनुगमन भएको छ ।